# झापा जिल्ला अदालत

## भद्रपुर, झापा

(मेलमिलाप शाखा )

पत्र संख्या :-०८०/०८१
चलानी नं :-
प.सं. कोड नं.

फोन न :- ४५५७३१, ४५५०३०
फ्याक्स :- ०२३-४५५०८९
कोशी प्रदेश


(सूचना प्रकाशित मिति- २०८०/०५/०८)

सूचना । सूचना।। सूचना ।।।

बिषय- मेलमिलापकर्ता सूचीकृत सम्बन्धमा ।

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) र नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ९ बमोजिम यस अदालतमा प्रत्येक बर्ष मेलमिलापकर्ताको सूची अध्यावधीक गर्नुपर्ने भएकोले यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचीकृत रहनु भएका मेलमिलापकर्ताहरुले सूची अध्यावधिक गर्न र मेलमिलापकर्ताको रुपमा यस अदालतमा सूचीकृत हुन इच्छुक तोकिएको योग्यता पुगेका महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम ऐ. नियमावलीको अनुसूची २ को ढाँचामा देहायमा उल्लेखित आवश्यक कागजात संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्रमा यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिन हुन मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ३ र नियम ९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

| आवश्यक कागजातहरु | अदालतमा सूचीकृत हुन चाहने मेलमिलापकर्ताको योग्यता |
|---|---|
| १. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी<br>३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी<br>४. मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो २ प्रति<br>५. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा मेलमिलाप परिषदबाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृति कागज,संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी | १. नेपाली नागरिक<br>२. पच्चीस वर्ष उमेर पुरा भएको<br>३. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक गरेको<br>४. मेलमिलाप सम्बन्धी तोकिएको अवधीको तालिम लिएको<br>५. होस ठेगानमा रहेको<br>६.नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको<br>७. साहुको दामासाहीमा ,नपरेको<br>८. मेलमिलाप सम्बन्धी ऐन, २०६८ बिपरित कुनै काम गरेको कारण मेलमिलापकर्ताको सूचीबाट नाम नहटाइएको । |